# मकालु गाउँपालिका
**Makalu Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्याल
**Office Of Rural Municipal Executive**

स्था : २०७३ (Estd : 2073)

नुम, संखुवासभा
Num,Sankhuwasava
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


पत्र संख्याः २०८२/०८३
Ref No : 2082/083
चलानी नं.:
Dispatch no 9859

विषयः- तालिममा सहभागी हुन निवेदन आह्वान सम्बन्धी सार्वजनिक सूचना ।

सूचना प्रकाशित मितिः २०८३/०२/०८

यस मकालु गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"सीप विकास कार्यक्रम"** मार्फत स्थानीय युवाहरूलाई दक्ष बनाई दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले वडा नं. ४ का बासिन्दाहरूका लागि मेसन (डकर्मी) तालिम सञ्चालन गर्न लागिएको हुँदा इच्छुक व्यक्तिहरूबाट यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिनभित्र** कार्यालय समयमा निवेदन पेस गर्नुहुन सूचित गरिन्छ ।

**१. तालिमको विवरणः**

- तालिमको नामः मेसन (डकर्मी) सीप विकास तालिम ।
- तालिमको अवधिः १४ कार्य दिन (प्रयोगात्मक अभ्यास सहित) ।
- छनौट गरिने सहभागी संख्याः २०जना (मकालु गाउँपालिका वडा नं. ४ का स्थायी बासिन्दाहरू मात्र) ।

**२. सहभागीका लागि आवश्यक न्यूनतम योग्यताः**

- नेपाली नागरिक र मकालु गाउँपालिका वडा नं. ४ को स्थायी बासिन्दा हुनुपर्ने ।
- साधारण लेखपढ गर्न जान्ने (कम्तीमा कक्षा ८ उत्तीर्णलाई प्राथमिकता दिइने) ।
- तालिममा सहभागी हुन योग्य शारीरिक र मानसिक अवस्था स्वस्थ र तन्दुरुस्त भएको ।
- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

**३. निवेदन साथ पेस गर्नुपर्ने कागजातहरूः**

- रीतपूर्वक भरिएको निवेदन फाराम (कार्यालय/वडा कार्यालयमा उपलब्ध) ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (२ प्रति।
- सम्बन्धित वडा कार्यालयको स्थायी बसोबास खुल्ने सिफारिस पत्र ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

**४. आवेदन दिने अन्तिम मिति र स्थानः**

- मितिः २०८२/०२/१४ (सूचना प्रकाशित भएको सातौं दिनको कार्यालय समयभित्र) ।
- स्थानः मकालु गाउँपालिकाको कार्यालय (योजना शाखा/रोजगार सेवा केन्द्र) वा वडा नं. ४ को वडा कार्यालय ।

**५. छनौट प्रक्रियाः**

- सम्वन्धित वडा कार्यालयको सिफारिस अनुसार ।

नोटः रीत नपुगी वा म्याद नाघि आएका निवेदनहरू उपर कुनै कारबाही गरिने छैन ।तालिम संग सम्वन्धित अन्य सबै विषयवस्तुको निर्णय यस कार्यालयमा निहित रहने छ ।

थप जानकारीका लागि गाउँपालिकाको कार्यालय वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।सम्पर्क मोवाइल नः९८५११६०४७९,९८४३५९५०१४

२०८२/०२/०८

इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत